कर्णाली प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

वीरेन्द्रनगर, नेपाल

पत्र संख्याः २०७९/०८०/ योजना च.सं.:१५ मितिः २०७९/०४/०४

विषयः आर्थिक वर्ष २०७९/०८० को मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजना छनौट तथा सिफारिस सम्बन्धमा।

श्री स्थानीय तह (सबै), कर्णाली प्रदेश।
श्री शिक्षा विकास निर्देशनालय, सुर्खेत।
श्री सामाजिक विकास कार्यालय (९), कर्णाली प्रदेश।

चालु आर्थिक वर्ष २०७९/०८० को मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजना छनौट तथा सिफारिस सम्बन्धमा यस कार्यालयको च.नं. २०२८, मिति २०७९/०३/२९ को पत्र प्राप्त भएकै छ। उक्त पत्रानुसार मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आयोजना छनौट तथा सिफारिस गर्ने सम्बन्धमा देहाय बमोजिम गर्नु/गराउनुहुन यस कार्यालयको मिति २०७९/०४/०४ (मा.मुख्यमन्त्रीस्तर) को निर्णयानुसार अनुरोध छ।

देहायः

१. सम्बन्धित स्थानीय तहले तोकिएको प्रकृया पुरा गरी सम्वत् २०७९ साल साउन १५ गतेभित्र मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजनाहरु छनौट गरी सिफारिस तथा समन्वय समितिको सचिवालय सम्बन्धित जिल्लाको सामाजिक विकास कार्यालय (सुर्खेतको हकमा शिक्षा विकास निर्देशनालय) मा पठाउने।
२. स्थानीय तहबाट उल्लिखित समयसीमा भित्र आयोजनाहरु प्राप्त नभएमा सामाजिक विकास कार्यालय (सुर्खेतको हकमा शिक्षा विकास निर्देशनालय)ले सोही व्यहोरा खुलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाउने।
३. सिफारिस तथा समन्वय समितिको संयोजक (सम्बन्धित प्रदेश निर्वाचन क्षेत्रको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित प्रदेश सभा सदस्य) को पद कुनै कारणले रिक्त भएको अवस्थामा सम्बन्धित सामाजिक विकास कार्यालय (सुर्खेतको हकमा शिक्षा विकास निर्देशनालय)ले सोही व्यहोरा खुलाई स्थानीय तहबाट प्राप्त सबै आयोजनाहरु मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

.....
युवराज न्यौपाने
शाखा अधिकृत

सादर अवगतार्थः
मा. प्रदेश सभा सदस्य (सबै), कर्णाली प्रदेश सभा, सुर्खेत।

बोधार्थः
माननीय मुख्यमन्त्रीज्यूको निजी सचिवालय,
श्रीमान प्रमुख सचिवज्यूको सचिवालय,
श्री सूचना तथा संचार समन्वय शाखा (कार्यालयको वेबसाइट अपलोड गर्नुहुन),
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुर्खेत।

Scanned with CamScanner